12.04.2026 (sunday)
आकाशवाणी

मुख्य समाचारहरू बाट........

1.सिलिगुडी करिडोर राष्ट्रिय सुरक्षाका लागि महत्त्वपूर्ण रहेको प्रधानमन्त्री मोदीको भनाइ....

2.प्रसिद्ध गायिका आशा भोसलेको निधन; राष्ट्रपति, प्रधानमन्त्री लगायत विभिन्न विशिष्ट व्यक्तित्वहरूद्वारा गहिरो दुःख व्यक्त..

3.सन् २०२९ को निर्वाचनमा ३३ प्रतिशत महिला आरक्षण पूर्ण रूपमा लागू गर्ने प्रधानमन्त्री मोदीको प्रतिबद्धता..

4.'पीएम गति शक्ति' राष्ट्रिय गुरुयोजना अन्तर्गत भारतीय रेल नेटवर्कको विस्तारका लागि १.५३ लाख करोड रुपैयाँभन्दा बढीको लगानी स्वीकृत..  ani

5.अमेरिका र इरानबीचको ऐतिहासिक वार्ता बिना निष्कर्ष टुङ्गियो  ....

अब समाचार विस्तारमा........

1.उत्तर बङ्गाल प्रधानमन्त्री..
भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बङ्गालको सिलिगुडी करिडोर क्षेत्रीय र राष्ट्रिय सुरक्षाका लागि अत्यन्तै महत्त्वपूर्ण रहेको बताउनुभएको छ । आज सिलिगुडीको कावाखालीमा आयोजित विशाल जनसभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले केन्द्र सरकार यस क्षेत्रको सुरक्षाका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । सम्बोधनका क्रममा प्रधानमन्त्री मोदीले गम्भीर आरोप लगाउँदै भन्नुभयो राज्य सरकारले त्यस्ता तत्वहरूलाई समर्थन गरिरहेको छ जसले कुनै समय यस करिडोरलाई थुनेर उत्तर-पूर्वी भारतलाई अलग्याउने धम्की दिएका थिए । उहाँले राज्य सरकारको बजेट विनियोजनमा पनि 'तुष्टीकरणको राजनीति' झल्किएको आरोप लगाउनुभयो । प्रधानमन्त्रीले भन्नुभयो, "राज्य सरकारले मदरसा शिक्षाका लागि ६ हजार करोड रुपैयाँ छुट्याएको छ, तर उत्तर-पूर्वी भारतको प्रवेशद्वार मानिने उत्तर बङ्गालको विकासका लागि भने बजेटमा

**बेवास्ता गरिएको छ।"**

प्रधानमन्त्रीले यस क्षेत्रको पर्यटन, कनेक्टिभिटी र औद्योगिक क्षेत्रलाई उपेक्षा गरिएको बताउँदै भन्नुभयो, *"उत्तर बङ्गालका चिया बगान श्रमिक र आदिवासी समुदायको कल्याणलाई राज्य सरकारले पूर्ण रूपमा बेवास्ता गरेको छ।"*

साथै, उहाँले **मतुआ र नामशूद्र** समुदायलाई सम्बोधन गर्दै राज्यमा भाजपा सत्तामा आएपछि उनीहरूले नागरिकता संशोधन ऐन अन्तर्गत नागरिकता पाउने सुनिश्चितता गर्नुभयो।

आफ्नो सम्बोधनमा प्रधानमन्त्रीले पश्चिम बङ्गालमा भइरहेको घुसपैठ (Infiltration) प्रति चिन्ता व्यक्त गर्दै वर्तमान राज्य सरकारले घुसपैठियाहरूलाई आफ्नो सुरक्षित **'भोट बैंक'को** रूपमा प्रयोग गरिरहेको आरोप समेत लगाउनुभयो।

सम्बोधनमा प्रधानमन्त्रीले सेवोक–रङ्पो रेल लिङ्कको काम अन्तिम चरणमा पुगेको जानकारी दिँदै यसले छिट्टै सिक्किमलाई रेल सञ्जालमा जोड्ने र यस क्षेत्रको पर्यटन, व्यापार र रोजगारीमा ठुलो क्रान्ति ल्याउने बताउनुभयो।

## 2. प्रसिद्ध गायिका आशा भोसलेको निधन

आधुनिक भारतीय सङ्गीतकी महान् गायिका एवं पद्म विभूषणबाट सम्मानित आशा भोसलेको ९२ वर्षको उमेरमा आज मुम्बईमा निधन भएको छ। सङ्गीत जगत्की महान् र बहुमुखी प्रतिभा, गायिका आशा भोसलेको निधनमा भारतका राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र अन्य प्रतिष्ठित व्यक्तित्वहरूले गहिरो शोक व्यक्त गर्नुभएको छ।

राष्ट्रपति द्रौपदी मुर्मुले सामाजिक सञ्जालमार्फत आफ्नो समवेदना प्रकट गर्दै आशा भोसलेको निधनले सङ्गीत संसारमा कहिल्यै पूर्ति हुन नसक्ने ठुलो रिक्तता सिर्जना भएको बताउनुभएको छ। उहाँले भन्नुभयो, "आशा भोसलेको गायन यात्राले भारतीय सङ्गीतको एक युगलाई परिभाषित गरेको छ।

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले दिग्गज गायिका आशा भोसलेको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभयो, ***"आशा भोसलेले आत्मा छुने गजलदेखि परम्परागत भजनसम्ममा महारत हासिल गर्नुभयो, जसले भारतीय सङ्गीतमा एक अमिट छाप छोडेको छ।"***

प्रधानमन्त्री नरेन्द्र मोदीले शोक व्यक्त गर्दै आशा भोसलेलाई भारतले चिनेका सबैभन्दा प्रतिष्ठित र बहुमुखी स्वरहरूमध्ये एक भएको बताउनुभएको छ। प्रधानमन्त्रीले उहाँको

असाधारण साङ्गीतिक यात्राले देशको सांस्कृतिक सम्पदालाई थप उचाइमा पुऱ्याएको र विश्वभरका करोडौँ मानिसको मन छोएको उल्लेख गर्नुभयो ।

*यसैगरी, रक्षामन्त्री राजनाथ सिंह र गृहमन्त्री अमित शाहले पनि उहाँको निधनलाई सङ्गीत जगत्को अपूरणीय क्षति भन्नुभएको छ । स्मरण आशा भोसलेले विभिन्न भारतीय भाषाहरूमा १२,००० भन्दा बढी गीत रेकर्ड गराउनुभएको छ । उहाँको निधनले सङ्गीत जगत्मा एउटा ठुलो युगको अन्त्य भएको छ ।*

## 3.लोकतन्त्रमा महिलाको

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय लोकतन्त्रमा महिलाको सहभागितालाई सुनिश्चित गर्न एक युगान्तकारी कदमको घोषणा गर्नुभएको छ । उहाँले **'नारी शक्ति वंदन अधिनियम'** लाई यसको वास्तविक मर्म र भावनाका साथ कार्यान्वयन गर्दै सन् २०२९ को लोकसभा र विधानसभा निर्वाचनहरू महिला आरक्षणसहित नै सम्पन्न हुने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

संसदको विशेष बैठकको पूर्वसन्ध्यामा सदनका नेताहरूलाई पत्र लेख्दै प्रधानमन्त्रीले यस ऐतिहासिक संशोधनलाई सर्वसम्मतिले अगाडि बढाउन आह्वान गर्नुभएको छ ।

महिला आरक्षण लागू भएसँगै लोकसभाको कुल सिट संख्या बढेर ८१६ पुग्नेछ । विस्तारित सदनमा महिलाहरूका लागि मात्र २७३ सिटहरू आरक्षित गरिनेछन् । यसै विषयमा केन्द्रित रहेर आगामी अप्रिल १६ देखि १८ सम्म संसदको तीन दिने विशेष बैठक बोलाइएको छ।

प्रधानमन्त्रीले आफ्नो पत्रमा भन्नुभएको छ— देशको विकासमा 'नारी शक्ति' को भूमिकालाई संवैधानिक रूपमै बलियो बनाउने समय आएको छ र सन् २०२९ को निर्वाचन यसको कोशेढुङ्गा साबित हुनेछ ।

यसै सन्दर्भमा प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीमा आयोजित 'नारी शक्ति वंदन सम्मेलन'लाई सम्बोधन गर्नुहुने कार्यक्रम रहेको छ ।

## 4.'पीएम गति शक्ति'

**'पीएम गति शक्ति'** राष्ट्रिय गुरुयोजना अन्तर्गत भारतीय रेल नेटवर्कको विस्तारका लागि चालु आर्थिक वर्ष २०२५-२६ मा १.५३ लाख करोड रुपैयाँभन्दा बढीको लगानी स्वीकृत गरिएको छ । रेल मन्त्रालयका अनुसार यो लगानी गत आर्थिक वर्षको तुलनामा ११० प्रतिशतको वृद्धि हो ।

यस वर्ष जम्मा १०० वटा रेल आयोजनाहरू स्वीकृत भएका छन्, जसमा नयाँ रेल लाइन निर्माण, ट्र्याक दोब्बर बनाउने र मल्टिट्र्याकिङका कार्यहरू समावेश छन् ।

यस लगानीबाट ६ हजार किलोमिटरभन्दा बढीको रेल नेटवर्क समेटिनेछ, जुन अघिल्लो वर्षको तुलनामा ११४ प्रतिशत बढी हो ।

महाराष्ट्र, बिहार, झारखण्ड र मध्य प्रदेश लगायतका प्रमुख राज्यहरूमा हुने यस विस्तारले दुर्गम क्षेत्रहरूलाई समेत राष्ट्रिय सञ्जालमा जोड्ने विश्वास गरिएको छ ।

मन्त्रालयले यस कदमलाई समावेशी विकास र अन्तिम बिन्दुसम्मको पहुँच (Last-mile connectivity) सुनिश्चित गर्ने दिशामा एक ठुलो सफलता भनेको छ।

## 5.अमरनाथ यात्रा

विश्वप्रसिद्ध वार्षिक अमरनाथ यात्रा यस वर्ष आगामी जुलाई ३ तारिखदेखि सुरु भई अगस्ट २८ तारिख रक्षाबन्धनका दिन समापन हुने भएको छ । ५७ दिनसम्म चल्ने यस यात्राका लागि आगामी अप्रिल १५ देखि अनलाइन र अफलाइन दुवै माध्यमबाट अग्रिम पञ्जीकरण सुरु गरिने जम्मु-कश्मिरका उपराज्यपाल मनोज सिन्हाले जानकारी दिनुभएको छ ।

श्रद्धालुहरूको सुविधाका लागि देशभरका ५५४ बैंक शाखाहरूमा पञ्जीकरणको व्यवस्था मिलाइएको छ । यस वर्ष तीर्थयात्री र सेवा प्रदायकहरूलाई रेडियो फ्रिक्वेन्सी पहिचान उपकरण (RFID) उपलब्ध गराइनेछ भने प्रत्येक यात्रीका लागि १० लाख रुपैयाँसम्मको सामूहिक दुर्घटना बीमाको व्यवस्था गरिएको छ ।

## 6.विश्वव्यापी आर्थिक अनिश्चितता

विश्वव्यापी आर्थिक अनिश्चितता र पश्चिम एसियाको बढ्दो तनावका बीच अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) र विश्व बैंकको वसन्तकालीन बैठक (Spring Meetings) भोलिदेखि सुरु हुँदैछ । आगामी अप्रिल १८ सम्म चल्ने यस बैठकमा १९१ देशका अर्थमन्त्रीहरू र केन्द्रीय बैंकका गभर्नरहरूको सहभागिता रहनेछ ।

बैठकमा विश्वव्यापी आर्थिक वृद्धि, वित्तीय स्थिरता र गरिबी निवारणका प्रयासहरूबारे विशेष छलफल हुनेछ ।

विश्वभरका नीति निर्माताहरूले यस बैठकलाई वर्तमान आर्थिक सङ्कट समाधानका लागि प्राथमिकताहरू तय गर्ने महत्त्वपूर्ण अवसरका रूपमा लिएका छन् ।

## 7.संयुक्त सैन्य अभ्यास

भारत र उज्बेकिस्तानबीचको सातौँ संयुक्त सैन्य अभ्यास 'दस्तलिक' (DUSTLIK) आजदेखि उज्बेकिस्तानमा सुरु भएको छ। यस अभ्यासमा सहभागी हुन भारतीय सशस्त्र बलको ६० सदस्यीय टोली आज त्यसतर्फ प्रस्थान गरेको छ। आगामी अप्रिल २५ तारिखसम्म चल्ने यस अभ्यासमा भारतीय टोलीको नेतृत्व महर (MAHAR) रेजिमेन्टका ४५ जना सैनिक र वायुसेनाका १५ जना सदस्यले गरिरहेका छन्। उज्बेकिस्तानका तर्फबाट पनि सेना र वायुसेनाका ६० जना प्रतिनिधिहरू सहभागी छन्।

8.इस्लामावाद:

अमेरिकी उपराष्ट्रपति **जेडी भेन्स** नेतृत्वको प्रतिनिधिमण्डल र इरानको उच्चस्तरीय टोलीबीच पाकिस्तानको राजधानी इस्लामावादमा भएको ऐतिहासिक वार्ता कुनै सम्झौता बिना समाप्त भएको छ । झण्डै २१ घण्टा लामो छलफलपछि दुवै पक्ष आ-आफ्नो अडानमा कायम रहँदा वार्ता असफल भएको हो ।

उपराष्ट्रपति **जेडी भेन्सले** शान्ति वार्तामा केही कमी कमजोरी रहेको उल्लेख गर्दै इरानले आणविक हतियार निर्माण नगर्ने अमेरिकी सर्तहरू स्वीकार नगरेको बताउनुभयो । उहाँका अनुसार वासिङ्टनले तेहरानबाट आणविक हतियार वा द्रुत रूपमा हतियार निर्माण गर्न सक्ने क्षमताको विकास नगर्ने स्पष्ट र दीर्घकालीन प्रतिबद्धता खोजेको थियो। अमेरिकाले आफ्नो प्रस्तावलाई **'अन्तिम र उत्कृष्ट'** भन्दै अब इरानको प्रतिक्रियाको पर्खाइमा रहेको जनाएको छ ।

अर्कोतर्फ, इरानको विदेश मन्त्रालयले दुई वा तीनवटा महत्त्वपूर्ण मुद्दाहरूमा मतभेद रहेका कारण वार्ता निष्कर्षमा पुग्न नसकेको बताएको छ । यद्यपि, इरानी सरकारले केही असहमतिका बावजुद संवादको प्रक्रिया जारी रहने सङ्केत दिएको छ ।

अमेरिकामा रोक्का रहेका इरानी सम्पत्तिको फुकुवा र स्ट्रेट अफ हर्मुजको सुरक्षा जस्ता विषयमा केन्द्रित रहेको यो वार्ता निष्कर्षविहीन टुङ्गिगएपछि यस क्षेत्रमा कूटनीतिक अन्योलता थपिएको छ ।